आज मिति २०८३ साल बैशाख २८ गते सुन्दरबजार नगरपालिकाका नगर प्रमुख श्री कृष्ण प्रसाद कोइरालाज्यूको अध्यक्षतामा बसेको आ.व २०८२/८३ को एघारौं बैठकमा तपशिल अनुसारको उपस्थिती रह्यो ।

तपशिल

| सि.नं | नाम थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | कृष्ण प्रसाद कोइराला | नगर प्रमुख | |
| २ | भवानी के.सी | उप प्रमुख | |
| ३ | कर्न बहादुर गुरुङ | अध्यक्ष वडा नं १ | |
| ४ | नविन कुमार श्रेष्ठ | अध्यक्ष वडा नं २ | |
| ५ | अमृत न्यौपाने | अध्यक्ष वडा नं ३ | |
| ६ | कृष्ण प्रसाद अधिकारी | अध्यक्ष वडा नं ४ | |
| ७ | श्रीकाजी गुरुङ | अध्यक्ष वडा नं ५ | |
| ८ | दिनेश वाबु कोइराला | अध्यक्ष वडा नं ६ | |
| ९ | जय राम रेग्मी | अध्यक्ष वडा नं ७ | |
| १० | विजेन्द्र थापा | अध्यक्ष वडा नं ८ | |
| ११ | मनराज गुरुङ | अध्यक्ष वडा नं ९ | |
| १२ | दिपक राज ढकाल | अध्यक्ष वडा नं १० | |
| १३ | ओम वहादुर दुरा | अध्यक्ष वडा नं ११ | |
| १४ | राधा मल्ल | कार्यपालिका सदस्य | |
| १५ | इन्दु अधिकारी | कार्यपालिका सदस्य | |
| १६ | भगवती देवी वि.क | कार्यपालिका सदस्य | |
| १७ | राधिका अधिकारी (भट्टराई) | कार्यपालिका सदस्य | |
| १८ | सुकमाया गुरुङ | कार्यपालिका सदस्य | |
| १९ | कृष्ण वहादुर दुरा | कार्यपालिका सदस्य | |
| २० | राजेन्द्र वि.क | कार्यपालिका सदस्य | |
| २१ | विल वहादुर घर्ती | कार्यपालिका सदस्य | |
| २२ | रमेश घर्ति | सचिव | |

अन्य उपस्थिति:

| | | | |
|---|---|---|---|
| १ | विवेक कुमार पण्डित | प्रशासकीय अधिकृत | |
| २ | सुजन मिश्र | सू.प्र.अ. | |
| ३ | | | |
| ४ | | | |

नगर-कार्यपालिकाको मिति २०८३/१/२८ गतेको आ.व. २०८२/८३ को एघारौं बैठकका निर्णयहरु :

**निर्णय नं १**

सुन्दरबजार नगरकार्यपालिकाको मिति २०८२/१२/०५ गते बसेको आ.व २०८२/८३ को दशौं बैठकको निर्णयहरु कार्यान्वयन र चालु आ.व. २०८२/८३ को योजना कार्यान्यनको समीक्षा गरियो । कार्यान्वयन हुन बाँकी योजना तथा कार्यक्रमहरु निर्धारित समयमा सम्पन्न गर्नका लागि आवश्यक सहजीकरण गर्ने ।

**निर्णय नं ३**

विधायन समितिबाट पेश भएको तपशिल अनुसार कार्यविधि उपर दफावार छलफल गरी सर्वसम्मत पारित गर्ने ।

तपशिल

१. सुन्दरबजार नगरपालिकाको सामुदायिक वन व्यवस्थापन कार्यविधि-२०८३
२. सुन्दरबजार नगरपालिकाको भवन तथा भौतिक संरचना अभिलेखिकरण कार्यविधि-२०८३

**विविध प्रस्तावका निर्णयहरु :**

क) यस नगरपालिकाको आ.व २०८२/८३ को वार्षिक स्वीकृत कार्यक्रम अन्तर्गत अध्ययन अनुसन्धानका लागि पेश भएका तपशिल अनुसारका अनुसन्धानकर्ता (विद्यार्थी) हरुले गरेको अध्ययन अनुसन्धान लागि तपशिल अनुसार सहयोग उपलब्ध गराउने ।

तपशिल

| सि.नं | नाम थर | ठेगाना | अध्ययन अनुसन्धानको विषय | रकम रु |
|---|---|---|---|---|
| १ | Basanta Kadariya | Sundarbazar-7 | Factor Affecting income in mandarin growing farmer in sundarbazar Municipality | १०००० |
| २ | Saurav Upreti | Sundarbazar-7 | Comparative Study of Farm Mechanization in Rice Cultivation among Mini Tiller Users and Non-Users in Sundarbazar,Lamjung | १०००० |
| ३ | Hem Narayan Rasaily | | Effect of Different Doses of Potassium on Sweet corn(Zea mays L.var.Saccharata) Yield and Soil Properties in Lamjung District | १०००० |
| ४ | Pawan Pandit | Sundarbazar-6 | Livelihood Assessment of Dura Community in Sundarbazar Municipality, Lamjung District using Sustainable Livelihood Framework. | १०००० |
| ५ | Rohit Bahadur Lamichhane | Sundarbazar-8 | Comparative Study on Seed Quality Traits of Wheat (Triticum aestivum L. )Seeds from Formal and Informal Sources | १०००० |
| ६ | Isha Koirala | Sundarbazar-8 | Effect of Different Sulphur Levels on Growth,Phenology, Yield Attributes,and oil content of Brown Mustard (Brassica juncea) | १०००० |
| ७ | Nikesh Ghimire | Sundarbazar-9 | Growth,flowering and yield of cucumber (cucumis sativus L.)as influenced by plant growth regulator and pruning method. | १०००० |
| ८ | Goma Luitel | | Changing patterns of marital age and its impact in agriculture a study from sundarbazar Municipality, Lamjung | १०००० |
| ९ | Bibek Sedhain | Sundarbazar-2 | Effect of migration on Agriculture in Sundarbazar Municipality | १०००० |
| १० | Nischal Ghimire | | In-Vitro Screening of Wheat Genotypes for PEG-6000 Induced Drought Tolerance at Germination Stage | १०००० |

२०८३।१।२८

नगर प्रमुख

ख) सुन्दरबजार नगरपालिकाको खानेपानी बोर्डको कार्यालय यस नगरपालिका वडा नं ७ को कार्यालय भवनमा सञ्चालन गर्न सुन्दरबजार नगरपालिकाको खानेपानी बोर्ड गठन सञ्चालन ऐन २०८२ को दफा ८ को उपदफा (६) बमोजिम स्वीकृति दिने ।

ग) वन नियमावली २०७९ (तेस्रो संसोधन, २०८२) को नियम ३६ को उपनियम (२) बमोजिम वनक्षेत्रभन्दा बाहिरका जोखिमयुक्त रुख हटाउने सम्बन्धी निर्णयका लागि प्रमुख प्रशासकीय अधिकृतलाई अधिकार प्रत्यायोजन गर्ने ।

घ) सुन्दरबजार नगरपालिकाको स्थानीय राजपत्रमा प्रकाशन हुने सामग्री नियमित अंकको रुपमा सख्या कायम गरी हप्ताको एकपटक (प्रत्येक बुधवार) प्रकाशन गर्ने ।

ङ) गण्डकी प्रदेश स्थानीय सेवाको गठन, सञ्चालन र सेवाका शर्त सम्बन्धमा बनेको ऐन-२०७९ को दफा १६ मा "स्थानीय सेवाको अधिकृत तहको पदमा कार्यपालिकाले नियुक्ति गर्ने " व्यवस्था भएकोमा सो अधिकार नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई प्रत्यायोजन गर्ने । यस अगाडी देहाय बमोजिम नियुक्त भएका अधिकृतस्तर कर्मचारीहरुको नियुक्त भएको मितिबाट लागु हुने गरी अनुमोदन गर्ने ।

तपशिल

| सि.नं | नाम थर | पद | नियुक्ति मिति | कैफियत |
|---|---|---|---|---|
| १ | भुपेन्द्र वि सी | पशु विकास अधिकृत | २०८२/१२/०८ | |
| २ | ओम कुमारी श्रेष्ठ | कृषि अधिकृत | २०८२/१२/२५ | |
| ३ | विरेन्द्र गौतम | शिक्षा अधिकृत | २०८२/१२/२७ | |

च) यस नगरपालिलका वडा नं ६ मा रहेको शिवालय मन्दिरको योग हल निर्माण तथा मर्मतका लागि रु १ लाख विविध पूँजीगत शीर्षकबाट विनियोजन गर्ने ।

छ) आर्थिक मामिला मन्त्रालय, गण्डकी प्रदेश सरकार सँगको लागत साझेदारीमा निर्माण हुने यस नगरपालिका वडा नं ८ को कार्यालय भवन  वहुवर्षिय योजनमा समावेश गरी खरिद प्रक्रिया अघि बढाउने ।

ज) यस नगरपालिकाको विभिन्न कार्यक्रममा साझेदारी तथा सहयोगका लागि पेश भएका तपशिल अनुसारका व्यक्ति तथा संस्थाहरुलाई सहयोग उपलब्ध गराउने ।

तपशिल

| सि.नं | विवरण | रकम | शीर्षक |
|---|---|---|---|
| १ | हाडेटार जग्गा एकीकरण आयोजना विस्तृत आयोजना प्रतिवेदन | १९४४७३ | सेवा तथा परामर्श |
| २ | लामपधेरो लिफ्टिङ्ग खानेपानी ३ पम्प खरिद | ७०००० | विविध पूँजीगत |
| ३ | आहाले खानेपानी | ४०००० | विविध पूँजीगत |
| ४ | रोटरी क्लबसंगको साझेदारीमा विद्यालयमा झोला वितरण | १००००० | गैरसरकारी तथा अन्य संघ संस्था संग साझेदारी |
| ५ | धारापानी सडक नं १ मर्मत वडा नं ६ | ३००००० | विविध पूँजीगत |

२०८३।१।१८

प्रसाद कोइराला
नगर प्रमुख

झ) कृषि विभाग, ललितपुरको सूचना अनुसार मोटो/मध्यम जातको धानको वीउको मूल्य प्रति के.जी रु ६९/- र मसिनो जातको धानको बीउ प्रति के.जी रु ७२/- तोकिएकोमा वीउ बिजन उत्पादन, आपूर्ति तथा व्यवस्थापन कार्यविधि, २०८२ दफा (८) को खण्ड छ मा व्यवस्था भए अनुसार ढुवानी (ईन्धनको मूल्यमा व्यापक वृद्धि हुँदा ढुवानीको लागतमा समेत वृद्धि) तथा व्यवस्थापन खर्च वापत प्रति के.जी रु १०/- कायम गरी मोटो मध्यम जातको धानको बीउको मूल्य प्रति के.जी. रु ७९/- र मसिनो जातको धानको मूल्य प्रति के.जी. रु ८२ - कायम गर्ने आर्थिक विकास समितिको निर्णय अनुमोदन गर्ने ।

ञ) डेसिस कार्यक्रम मार्फत हिमालयन गोर्खा एग्रो फार्म, गोर्खा, गोरखा लाई श्रोत केन्द्र तोकिएकोमा उक्त स्थानमा गत वर्ष अनुगमनमा जाँदा बीउको गुणस्तर उपयुक्त नरहेको र यस वर्ष रामधान बीउको मात्रा ३८२ के.जी. मात्र सिफारिस भएको हुँदा ढुवानी लागत, गुणस्तर सुनिचित्ता जस्ता विषयको लेखाजोखा गर्दा उपयुक्त बीउ अन्यवाट ल्याउन सहज हुने देखिएको हुँदा अनुगमनमा नजाने निर्णय अनुमोदन गर्ने ।

ट) नगरकार्यपालिकाको मिति २०८१/१०/२५ को निर्णयवाट सुन्दरवजार नगरपालिकाको स्थानीय शिक्षा योजना मस्यौदा तयारीका लागि कार्यदल निर्माण भएकोमा हालसम्म उक्त योजनाको मस्यौदा निर्माण नभैसकेको हुँदा सो कार्यका लागि देहायको कार्यदल पुन: गठन गर्ने ।

देहाय

संयोजक : प्रमुख प्रशासकीय अधिकृत
सदस्य : संयोजक, सामाजिक विकास समिति
सदस्य : शाखा प्रमुख, शिक्षा युवा तथा खेलकुद शाखा
सदस्य : शिक्षा अधिकृत/सहायक शिक्षा अधिकृत, शिक्षा युवा तथा खेलकुद शाखा
सदस्य सचिव : स्रोत व्यक्ति, शिक्षा युवा तथा खेलकुद शाखा

२०८२।१।२८

२०८२।१।२८

प्रमुख प्रशासकीय अधिकृत

कृष्ण प्रसाद कोइराला
नगर प्रमुख